**बैठक संख्याः-२-०७८/०७९**

आज मिति २०७९ साल जेष्ठ १० गतेका दिन बागलुङ नगरपालिकाका नगर प्रमुख श्री वसन्त कुमार श्रेष्ठज्यूको अध्यक्षतामा बसेको बागलुङ नगरकार्यपालिकाको वैठकको उपस्थिती र निर्णय देहाय वमोजिम गरियो ।

| क्र स | दस्तखत | पद | नाम थर |
|---|---|---|---|
| १ | | नगर प्रमुख | श्री बसन्त कुमार श्रेष्ठ |
| २ | | नगर उप प्रमुख | श्री राजु खड्का |
| ३ | | वडा अध्यक्ष | श्री जय वहादुर के.सी. |
| ४ | | वडा अध्यक्ष | श्री सुरज वोसेल |
| ५ | | वडा अध्यक्ष | श्री सनी के.सी.(लक्ष्मण) |
| ६ | | वडा अध्यक्ष | श्री कुमार विक्रम क्षेत्री |
| ७ | | वडा अध्यक्ष | श्री हरि प्रसाद शर्मा |
| ८ | | वडा अध्यक्ष | श्री रुद्र वहादुर के.सी. |
| ९ | | वडा अध्यक्ष | श्री मेघनाथ गैरे शर्मा |
| १० | | वडा अध्यक्ष | श्री छम वहादुर कार्की |
| ११ | | वडा अध्यक्ष | श्री राजु थापा |
| १२ | | वडा अध्यक्ष | श्री तिल वहादुर थापा मगर |
| १३ | | वडा अध्यक्ष | श्री ज्ञानेन्द्र गौतम |
| १४ | | वडा अध्यक्ष | श्री कोपिला मणी शर्मा |
| १५ | | वडा अध्यक्ष | श्री नारायण शर्मा पौडेल |
| १६ | | वडा अध्यक्ष | श्री चक्र वहादुर के.सी |
| १७ | | सदस्य सचिव | श्री पुरुषोत्तम सापकोटा |
| | अन्य उपस्थिती | | |
| १८ | | | |
| १९ | | | |
| २० | | | |
| २१ | | | |
| २२ | | | |
| २३ | | | |

Scanned with CamScanner

**निर्णय नं १**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६५(१) वमोजिमको उप प्रमुखको संयोजकत्वमा रहेको स्थानीय राजश्व परामर्श समितिमा यस नगर कार्यपालिकाका सम्पूर्ण सदस्यहरु निर्वाचन भै नसकेको हुँदा निर्वाचन सम्पन्न भएपछि समितिलाई पूर्णता दिने गरी पदेन सदस्यहरुबाट समितिको कार्य अघि वढाउने निर्णय गरीयो ।

**<u>निर्णय नं २</u>**

नगरस्तरीय योजना अनुगमन तथा सुपरिवेक्षण समितिमा यस नगर कार्यपालिकाका सम्पूर्ण सदस्यहरु निर्वाचन भै नसकेको हुँदा निर्वाचन सम्पन्न भएपछि समितिलाई पूर्णता दिने गरी सदस्यको रुपमा वडा नं १० का वडा अध्यक्ष श्री तिल वहादुर थापा मगरलाई तोक्ने निर्णय गरियो ।

**<u>निर्णय नं ३</u>**

यस नगरपालिकाको निम्न विषयगत समितिहरुलाइ कार्यपालिकाको निर्वाचन पछि पूर्णता दिने गरी देहाय वमोजिम संयोजक तोक्ने निर्णय गरियो ।

आर्थिक विकास समितिः नारायण शर्मा पौडेल

सामाजिक विकास समितिः ज्ञानेन्द्र गौतम

पूर्वाधार विकास समितिः छम वहादुर कार्की

वन, बातावरण तथा विपद व्यवस्थापन समितिः राजु थापा

सुशासन तथा संस्थागत विकास समितिः कुमार विक्रम क्षेत्री

**<u>निर्णय नं ४</u>**

यस बागलुङ नगरपालिकाको आ.व. २०७८/०७९ को स्वीकृत योजना तथा कार्यक्रमको तेश्रो त्रैमासिक अवधिसम्मको कार्यान्वयनको अवस्था र नगरपालिकाको संचित कोषबाट भएको आम्दानी र खर्चको विवरण पेश भई छलफल गरियो । स्वीकृत योजना तथा कार्यक्रमको लक्ष्य वमोजिमको प्रगती हासिल हुने गरी योजना तथा कार्यक्रम कार्यान्वयनलाई प्रभावकारी बनाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरीयो साथै योजना तथा कार्यक्रमको लक्ष्य वमोजिमको प्रगति हासिल गर्न सवै पक्षबाट सहयोग गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं ५</u>**

यस नगरपालिकाको आ.व. २०७८/०७९ को स्वीकृत प्रदेश समपुरक अनुदान तर्फको पंचकोट संसारकोट पूर्वाधार विकास योजना अन्तर्गत पंचकोटमा स्टेज निर्माण लगायतका पूर्वाधार निर्माण कार्य अगाडी बढाउने निर्णय गरियो ।

निर्णय प्रमाणित

Scanned with CamScanner

**निर्णय नं ६**

यस बागलुङ नगरपालिकाको आ.व. २०७९/०८० को लागि बार्षिक योजना तथा बजेट तर्जुमा देहाय वमोजिमको कार्यतालिका वमोजिम गर्ने निर्णय गरियो ।

| क.स | क्रियाकलाप | समय सीमा | कैफियत |
|---|---|---|---|
| १ | स्रोत अनुमान तथा बजेट सीमा निर्धारण (संशोधित)<br>क) स्थानीय राजश्व परामर्श समितिको वैठक<br>ख) स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको वैठक | २०७९ जेष्ठ १३ गते भित्र | अनुमानित आय, बजेट सीमा निर्धारण, वडागत र विषयगत बजेट सिलिङ्ग निर्धारण, आयोजना प्राथमिकीकरणका आधार तय गरिने । |
| २ | वस्ती तहमा योजना छनौट | २०७९ जेष्ठ १६ देखी २० गतेभित्र | |
| ३ | वडा तहमा योजना छनौट तथा प्राथमिकीकरण | २०७९ जेष्ठ २३ देखी २५ गतेभित्र | |
| ४ | विषयगत योजना प्राथमिकीकरण | २०७९ जेष्ठ २६ देखी ३१ गतेभित्र | विषयगत क्षेत्रका रोकारवालाहरुसंग छलफल, गैरसरकारी संघ/संस्थासंग छलफल |
| ५ | बार्षिक वजेट तथा कार्यक्रम तर्जुमा | २०७९ असार १ देखी ३ गतेभित्र | बजेट तथा कार्यक्रम तर्जुमा समितिको वैठकमा छलफल गरी बजेट तथा कार्यक्रम तयार । |
| ६ | कार्यपालिकावाट बजेट तथा कार्यक्रम स्वीकृती | २०७९ असार ४ देखी ६ गतेभित्र | |
| ७ | बजेट तथा कार्यक्रम नगर सभामा पेश । | २०७९ असार ८ देखी १० गतेभित्र | |

**निर्णय नं ७**

यस नगरपालिकाको विषय क्षेत्रगत एवं रणनीतिक महत्व रहेका देहायका योजना नेपाल सरकार र प्रदेश सरकारको आगामी आ.व को वजेटमा समावेश गरी दिन अनुरोध गरी पठाउने निर्णय गरियो।

**सडक पूर्वाधारतर्फः**

१. मौरेश्वारा धजाहाल्ने ठांटीवान्द्रे ठुलोखोला सडक स्तरोन्नती योजना वडा नं ५
२. भलाटाकुरा ढिकीचौर तितौरे सडक स्तरोन्नती योजना वाड नं ३ र ७
३. वास्कोट लामीचौर वौडेचौर सडक स्तरोन्नती योजना वाड नं ८
४. कोरीखोला चनौटे सायांवोट सडक स्तरोन्नती योजना वडा नं ८
५. वुकेनी मनकामना डिहिडांडा गैराफांट सिमस्वारा वौडेचौर सडक स्तरोन्नती वडा नं ८ र ९
६. गलुवा भकुण्डे रायडांडा सडक स्तरोन्नती योजना वडा नं १० र ११
७. काभ्रेडाडां जल्केनी घुम्ती चिसाखोला भैरवस्थान सडक स्तरोन्नती योजना वाड नं १२ र १३
८. पाउजा वास्कोट पैयुपाटा अमलाचौर सडक स्तरोन्नती योजना वडा नं १२ र १३
९. नेपानेडांडा सितल चौतारी भगवती चोक गार्लुङ पाखावाटो फोपु धुरपुरा करिडोर अर्माह सडक स्तरोन्नती योजना वडा नं १४
१०.उपल्लाचौर ओडारचौर ढोडेनी सडक स्तरोन्नती योजना वडा नं ४

Scanned with CamScanner

**शिक्षा तर्फ**

१. नगर क्षेत्र भित्रका विद्यालयहरुमा सिंगल डेस्क वेन्च व्यवस्थापन
२. धवलागिरी विरेन्द्र माध्यमिक विद्यालय भौतिक पूर्वाधार निर्माण रातमाटा बा.न.पा. ३
३. देउराली प्रा.वि. ओडारचौर भौतिक पूर्वाधार निर्माण बा.न.पा. ४
४. ज्ञानकुञ्ज प्रा.वि. भौतिक पूर्वाधार निर्माण बा.न.पा. ८
५. आधारभूत प्रा.वि. भौतिक पूर्वाधार निर्माण कमलडाँडा बा.न.पा. ६
६. बालश्रम प्रा.वि. भौतिक पूर्वाधार निर्माण बा.न.पा. ५
७. जनचेतना प्रा.वि. पाला भौतिक पूर्वाधार निर्माण बा.न.पा. ७
८. सहिद स्मृति प्रा.वि. रायडाँडा भौतिक पूर्वाधार निर्माण बा.न.पा. ११
९. दुर्गा आधारभूत विद्यालय भौतिक पूर्वाधार निर्माण बा न पा १३
१० कृष्ण गण्डकी क्याम्पस भौतिक पूर्वाधार निर्माण बा न पा १४

**स्वास्थ्यतर्फ**

१. लहरेपिपल स्वास्थ्य चौकी भवन निर्माण बा न पा ६
२. तित्याङ स्वास्थ्य चौकी पहिरो नियन्त्रण बा न पा ९
३. सिगाना स्वास्थ्य चौकी पहिरो नियन्त्रण बा न पा ८
४. तमाखुवारी शहरी स्वास्थ्य केन्द्र भवन निर्माण बा न पा ११
५. वौडेचौर शहरी स्वास्थ्य केन्द्र भवन निर्माण बा न पा ८
६. शरङ्गी शहरी स्वास्थ्य केन्द्र भवन निर्माण बा न पा १२
७ बास्कोट शहरी स्वास्थ्य केन्द्र भवन निर्माण बा न पा १३
८. सिम शहरी स्वास्थ्य केन्द्रं भवन निर्माण बा न पा ६
९. आफ्रे शहरी स्वास्थ्य केन्द्र भवन निर्माण बा न पा ११
१०. नारायणस्थान स्वास्थ्य चौकी भवन निर्माण बा न पा १४

**निर्णय नं ८**

यस नगरपालिका क्षेत्रभित्र प्राविधिक अध्ययन विना जथाभावी डोजर प्रयोग गरी वाटो खन्ने कार्यलाई रोक लगाई नयाँ बाटो खन्न अति आवश्यक भएको अवस्थामा कार्यालयको प्राविधिकबाट भएको अध्ययन र शिफारिसको आधारमा कार्यपालिकाको वैठकको निर्णयबाट नयाँ बाटो खोल्न स्वीकृती दिने निर्णय गरियो ।

**निर्णय नं ९**

यस नगरपालिकाको मुख्य बजार क्षेत्र (वडा नं १ देखी ४) मा रहेका घरहरुको वाहिरी भाग प्लाष्टर, रंग रोगन नभएको एवं घरहरुमा वर पिपल लगाएतका वोटहरु उम्रिएको अवस्था रहेको कारण शहरी सौन्दर्यतामा असर पुर्याएकोले यहि २०७९ कार्तिक मसान्त सम्ममा सवै घरधनीहरुलाई आ-आफ्नो घरको सवै वाहिरी भाग अनिवार्य रुपमा प्लाष्टर गरी रंगरोगन गर्ने, घरको भित्ता वा छतमा यत्रतत्र उम्रिएका वोट विरुवा हटाउने, आ-आफ्नो घर अगाडीको सडक तथा नाली नियमित सरसफाई गर्न अनुरोध गर्ने । नयाँ निर्माण हुने घरको वाहिरी भाग प्लाष्टर र रंगरोगन भएको, निर्माण सामग्रीको उचित व्यवस्थापन भएको सुनिश्चित गरेरमात्र निर्माण सम्पन्न प्रमाण पत्र दिने निर्णय गरियो । साथै यस निर्णयको कार्यान्वयन नगर्ने घरधनीहरुलाई निर्णय कार्यान्वयन नगरेसम्मको लागि नगरपालिकाबाट प्रदान गरिने सेवा सुविधा रोक्का गर्ने निर्णय गरियो ।

निर्णय प्रमाणित

Scanned with CamScanner

**निर्णय नं १०**

बागलुङ नगरपपालिकाको मुख्य बजार क्षेत्र (वडा नं १ देखी ४) भित्र ट्राफिक तथा पार्किङ व्यवस्थापन गर्न सम्वन्धित सरोकारवाला निकायसंग समन्वय गर्ने, सम्भावित सरकारी, सार्वजनिक र निजी स्वामित्व समेतको जग्गा सम्वन्धी विवरण संकलन गर्ने लगायतका कार्य १० दिनभित्र सम्पन्न गरी नगर प्रमुख समक्ष प्रतिवेदन पेश गर्न देहाय वमोजिमको कार्यदल गठन गर्ने निर्णय गरियो ।

सुरज वोसेल- संयोजक

जय वहादुर के.सी.- सदस्य

सनी के.सी. (लक्ष्मण)- सदस्य

कुमार विक्रम क्षेत्री-सदस्य

सोवन शर्मा- सदस्य सचिव

**निर्णय नं ११**

बागलुङ जिल्ला बागलुङ नगरपालिका वडा नं १ स्थित मालढुङ्गा कालिगण्डकी पुल र प्रवेशद्वारको रंगरोगन, लाइटिङ सहितको सौन्दर्यकरण र उक्त क्षेत्रमा रहेका होर्डिङ वोर्ड व्यवस्थापन लगायतका कार्य अघि वढाउने सम्वन्धमा आवश्यक अध्ययन, डिजाइन, लागत अनुमान तयार गरी सम्वन्धित सरोकारवाला निकायहरुसंग समन्वय, सहकार्य गरी योजना कार्यान्वयन समेत गर्न देहाय वमोजिमको समिति गठन गरी जिम्मेवारी दिने निर्णय गरियो ।

जय वहादुर के.सी- संयोजक

ई.सोविन घर्ती- सदस्य

सव ई.सुष्मा पौडेल-सदस्य सचिव

**निर्णय नं १२**

बागलुङ नगरपालिका क्षेत्रभित्रका सवै मुख्य सडक वर्षातको समयमा समेत नियमित रुपमा सूचारु गर्न आवश्यक मर्मत संभार गर्ने, सडकमा हुन सक्ने जोखिमको पुर्व आंकलन गरी आवश्यक संरक्षणको व्यवस्था मिलाउने, बजार क्षेत्रको नाली सरसफाई गर्ने लगायतका कार्य तत्काल अगाडि वढाउने साथै उक्त कार्यको लागि लाग्ने लागत अनुमान वमोजिमको रकम अन्य पुर्वाधार तथा आकस्मिक योजना तथा कार्यक्रम र मर्मत संभार शीर्षकबाट खर्च लेख्ने निर्णय गरियो ।

**निर्णय नं १३**

जिल्ला कारागार कार्यालय बागलुङको अनुरोध वमोजिम कैदी वन्दीहरुको लागी भित्ते दराज निर्माण लगायत पूर्वाधार निर्माणको लागी अन्य विभिन्न भवन मर्मत सुधार शीर्षकबाट रु ४ लाख विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय प्रमाणित

Scanned with CamScanner